# व्यावसायिक विशेषज्ञहरुको सूची तयार गर्ने सम्बन्धमा

## नेपाल राष्ट्र बैंकको

## सूचना

**प्रथम पटक प्रकाशित मितिः** (२०६३/९/३ **कान्तिपुर राष्ट्रिय दैनिक पत्रिका**)

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १३ को प्रयोजनका लागि यस बैंकले पुरानो सूची रद्द गरी नयाँ व्यावसाहिक विशेषज्ञहरुको सूचि कायम गर्न लागेकोले देहायमा उल्लिखित योग्यता पुगेका व्यक्तिहरुले यो सूचना प्रकाशित भएको मतिले ३० दिन भित्र देहायका कागजातहरु संलग्न राखी यस बैंकको बैंक तथा वित्तीय संस्था नियमन विभागमा आइपुग्ने गरी निबेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै अव नयाँ सूचीमा सामेल हुन योग्यता पुगेका व्यवशायिक विशेषज्ञहरुले मात्र विशेषज्ञ संचालक हुन पाउने व्यहोरा समेत जानकारी गराईन्छ ।

(१) **आवश्यक योग्यता तथा अनुभव**

(क) ईजाजतप्राप्त संस्थाको व्यावसायीक विशेषज्ञ हुन चाहने संचालकले व्यवस्थापन, बैङ्किङ्ग, वित्तीय, मौद्रिक, अर्थशास्त्र, वाणिज्यशास्त्र, व्यापार प्रशासन, वाणिज्य कानून विषयमा कम्तीमा स्नातकोत्तर वा चार्टर्ड एकाउण्टेन्सी उपाधि हासिल गरी नेपाल सरकार, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्थाको बरिष्ठ व्यवस्थापक वा मान्यता प्राप्त बिश्वविद्यालयको सह-प्राध्यापक वा सो भन्दा माथिको पदमा कम्तीमा पाँच वर्षको कार्यानुभव भएको हुनुपर्ने ।

(ख) बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १८ बमोजिमको अयोग्यता नभएको हुनुपर्ने ।

(२) **निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

(क) व्यक्तिगत विवरण (यस विभागद्धारा तयार गरिएको ढाँचा अनुसार)

(ख) शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ग) अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(घ) नागरीकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

(ङ) कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।

साथै, व्यावसाहिक विशेषज्ञहरुको सूचिमा समावेश गर्ने, नगर्ने अधिकार यस बैंकमा सुरक्षित रहेको व्यहोरा समेत जानकारीको लागि अनुरोध छ ।

**विस्तृत जानकारीको लागि**
**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**बैंक तथा वित्तीय संस्था नियमन विभाग**
**बालुवाटार, काठमाडौं ।**